## हंग कंग तथ्य पृष्ठ – प्रहरी

## प्रहरी

हंग कंग प्रहरी बल विश्यको सबैभन्दा पुरानो मध्ये एक तर एक सबैभन्दा आधुनिक प्रहरी बलको रुपमा प्रतिष्ठित छ।

सन् 1844 सालमा गठन भएको, यो बलले अग्नि नियन्त्रण, कैद र अध्यागमन जस्ता विभिन्न क्षेत्रमा भूमिका निर्वाह गर्ने देखि परम्परागत प्रहरी सेवा अंगीकार गर्दै विकसित भइ आएको छ। जुन 30, 2023 सम्ममा बलमा 27185 जनशक्ति छन् जस मध्ये 18 प्रतिशत महिला अधिकारीहरु छन्। यसमा 4066 जना निजामती कर्मचारीहरु पनि रहेका छन्।

हंग कंग अतिरिक्त प्रहरी बल (HKAPF) मूल रुपमा दैविक प्रकोप वा नागरिक संकटकाल जस्ता समयमा सहायता गर्ने आरक्षितको रुपमा सन् 1914 मा गठन भएको थियो। जुन 30, 2023 सम्ममा HKAPF मा 3203 स्वयम् सेवक नागरिकहरु सामेल छन्। परिवर्तन शील परिवेशको गतिक्रमसंग संगै अतिरिक्त प्रहरी बलको भूमिकामा पनि परिवर्तन भएको छ। हालमा यो स्थायी बललाई सहयोग गर्ने एक प्रशिक्षित आरक्षित मानव शक्तिको रुपमा रहेको छ र प्रहरी आयुक्तले निर्धारण गरेका विद्यमान परिचालन प्राथमिकता अनुसार परिचालन गरिन्छ।

यो बल राष्ट्रिय सुरक्षालाई सुरक्षित राख्न, जीउ धनको रक्षा गर्न, अपराध रोकथाम र पत्ता लगाउन र समाजमा कानुन र सुव्यवस्था  कायम राख्न समर्पित छ। हङकङ विश्वको सबैभन्दा सुरक्षित र स्थिर समाजहरू मध्ये एक होस् भन्ने सुनिश्चित गर्नको लागि यो बलले सधैं समुदायको समर्थन सूचीबद्ध गर्न र बलप्रति जनताको विश्वास कायम राख्न प्रयास गर्दछ।

**संरचना**: प्रहरी आयुक्तले अन्य तीन उपायुक्तको सहयोगमा बललाई नेतृत्व प्रदान गर्नु भएको छ।

एकजना उपायुक्तले सम्पूर्ण परिचालन मामिलाहरूको पर्यवेक्षण गर्नुहुन्छ र एकजना कर्मचारी, तालिम र व्यवस्थापन सेवाहरू लगायतका निर्देशन र समन्वयको लागि जिम्मेवार हुनुहुन्छ। तेस्रोलाई राष्ट्रिय सुरक्षाको रक्षा गर्ने जिम्मेवारी दिइएको छ।

बलको प्रधान कार्यालय छ वटा विभागहरू मिलेर बनेको छ: सञ्चालन; अपराध र सुरक्षा; कर्मचारी र प्रशिक्षण; व्यवस्थापन सेवाहरू; वित्त, प्रशासन र योजना; र राष्ट्रिय सुरक्षा। दैनिक प्रहरी संचालनको लागि, सम्पूर्ण हङकङ क्षेत्रलाई छ प्रहरी क्षेत्रहरूमा चित्रण गरिएको छ, अर्थात् हंग कंग आइलण्ड, काउलुन

इस्ट, काउलुन वेस्ट, न्यु टेरीटोरिस नर्थ, न्यु टेरीटोरिस साउथ र समुद्री। सम्बन्धित क्षेत्रीय मुख्यालयमा आपराधिक अनुसन्धान, सञ्चालन, प्रशासन र ट्राफिक (सामुद्रिक क्षेत्र बाहेक) सहित विभिन्न संरचनाहरू समावेश गरिएको छ। प्रत्येक क्षेत्रमा विभिन्न जिल्लाहरू पनि समावेश गरीएको छ जहाँ जिल्ला कमाण्डरहरू स्थानीय प्रहरी मुद्दाहरूको निरीक्षण गर्न जिम्मेवार हुन्छन्। इलाकाभरि चल्ने रेलमार्ग प्रणालीमा कानून र सुव्यवस्था बनाई राख्नका लागि काउलुन पूर्वी क्षेत्रको कमान्ड अन्तर्गतको रेलमार्ग जिल्ला जिम्मेवार छ।

समुद्री प्रहरीसंग 100 वटा भन्दा बढी पानीजहाज भए संगै, समुद्री प्रहरीले हङकङ भित्र पर्ने 1641 कि. मि.2 जलक्षेत्र र 261 बाहिरी टापुहरूमा गस्ती गर्दछ। प्राविधिक रूपमा उन्नत तटीय सुरक्षा र राडार प्रणालीहरू अपनाएर र उच्च प्रदर्शन पानीजहाज परिचालन गरी समुद्री प्रहरीले इलाकामा सम्पूर्ण समुद्री समुदायलाई प्रभावकारी र उच्च गुणस्तरीय सेवाहरू प्रदान गर्दछ। समुद्री प्रहरीले अवैध आप्रवासीलाई रोक लगाउने र तस्करी गतिविधिलाई रोक्ने, खोजी र उद्धार कार्य सञ्चालन गर्ने र समुद्री समुदायलाई समुद्री सुरक्षा अभिवृद्धिमा संलग्न गराउने जस्ता कार्य गरी हङकङको जलक्षेत्रमा कानुनी सुव्यवस्था कायम राख्नका निम्ति पनि जिम्मेवार छ। समुद्री प्रहरीले समुद्री निर्देशकलाई आतंकवाद वा प्रमुख समुद्री घटनाहरूको प्रभावकारी रूपमा जवाफी प्रतिक्रिया दिनका निम्ति 37 अन्तर्राष्ट्रिय शिपिंग र बन्दरगाह सुरक्षा सुविधाहरूको सुरक्षा अडिटहरू सञ्चालन गर्न सहयोग गर्दछ। प्रहरी पानी जहाज हाल $4 बिलियन भन्दा बढीको आधुनिकीकरण कार्यक्रमबाट गुज्रिरहेको छ जस अन्तर्गत समन्वय बृद्धि गर्न समुद्री परिस्थितिगत जागरूकता प्रणाली अपनाउने रहेकोछ।

**सञ्चालन**: सञ्चालन विभागमा सञ्चालन शाखा, समर्थन शाखा, जनसम्पर्क (PR) शाखा र छ प्रहरी क्षेत्र सम्मिलित छन्, जो विभिन्न कार्य सञ्चालनका विषयहरूको लागि जिम्मेवार छ।

सञ्चालन शाखा बलको आतंकवाद विरोध, आन्तरिक सुरक्षा, सीमा सुरक्षा, बम निपटान, प्रमुख घटना/वारदातहरूको व्यवस्थापन इत्यादि लगायतका विषयहरू सम्बन्धि विभिन्न परिचालन मुद्दाहरूका नीति धारक हो ।

प्रहरी सामारिक इकाई (PTU) का लागि, बलमा जम्मा सात स्थापित कम्पनीहरू र दुईवटा प्रशिक्षण कम्पनीहरू छन्, जसले प्रमुख घटनाहरूका बखतमा भीड व्यवस्थापन कार्य गर्न र कुनै पनि आपतकालिन जवाफी प्रतिक्रिया दिन आवश्यक जनशक्ति प्रदान गर्दछ, साथै क्षेत्रमा दैनिक अपराध विरोधी कार्यहरू परिचालन र सार्वजनिक कार्यक्रमहरूको व्यवस्थापन गर्दछ। PTU कम्पनीहरूले अन्य

इकाईहरुसंग मिलेर क्षेत्रीय प्रतिक्रिया दलहरू गठन गरी प्रमुख कार्यहरू, ठूला-ठूला सार्वजनिक दंगा र अन्य आपतकालिन अवस्थामा द्रुत र प्रभावकारी जवाफी प्रतिक्रिया प्रदान गर्ने गर्दछ। PTU मुख्यालय बल भित्र आन्तरिक सुरक्षा सम्बन्धि प्रशिक्षण, भीड व्यवस्थापन, प्रमुख घटना हेर्ने कार्यको लागि जिम्मेवार छ।

समर्थन शाखाले समर्थन फाँट र ट्राफिक शाखा मुख्यालय (TBHQ) को रेखदेख गर्दछ।

समर्थन शाखा दुवै नियमित र अतिरिक्त बलहरूको परिचालन समर्थन र व्यावसायिक सुरक्षा र स्वास्थ्य सम्बन्धमा नीतिहरूको तर्जुमा र कार्यान्वयनको लागि जिम्मेवार छ। बलको विभिन्न इजाजतपत्र कार्यहरू र अन्य सान्दर्भिक इजाजतपत्र अधिकारीहरूलाई सहयोग प्रदान गर्न पनि यो जिम्मेवार छ।

TBHQ ट्राफिक मामिलाहरू सम्बन्धि बलको प्राथमिकताहरू, नीतिहरू र प्रक्रियाहरू तर्जुमा गर्न, तिनीहरूको कार्यान्वयनमा समन्वय गर्न र तिनीहरूको प्रभावहरूको अनुगमन गर्न जिम्मेवार छ। यसले सबै ट्राफिक अभियोजन प्रक्रिया कार्य गर्दछ र ट्राफिक-सम्बन्धित डाटाहरु संकलन र कायम राख्दछ। TBHQ ले ट्राफिक व्यवस्थापन मामिलामा सल्लाह दिने गर्दछ र स्थानीय ट्राफिक योजनाहरूको निगरानी गर्दछ। यसले सडक सुरक्षा शिक्षा र प्रवर्तन कार्यक्रमहरू पनि तर्जुमा, समर्थन र अनुगमन गर्दछ। त्यसैगरी 2800 वटा भन्दा बढी बलको सवारी साधनको र तालिम प्राप्त चालक दलको व्यवस्थापन पनि यसको नै मातहत अन्तर्गत पर्दछ।

PR शाखाले समुदायलाई संलग्न गराएर, प्रविधिहरूको लाभ लिइ र सामाजिक सञ्जाल मंचहरू प्रयोग गर्नका साथै समुदायका सबै वर्गहरूसँग राम्रो सम्बन्ध बढाउन मिडियासँग साझेदारीमा काम गरेर कानून र व्यवस्था कायम गर्नका निम्ति सार्वजनिक समर्थन सूचीबद्ध गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ। प्रहरी गतिविधिको जानकारी स्थानीय र विदेशी सञ्चार माध्यमहरूमा चौबीसै घण्टा प्रसारित गर्दछ।

अन्तर-विभागीय आतंकवाद विरोध इकाई (ICTU) अप्रिल 2018 मा स्थापना गरिएको थियो जसमा छ कानून प्रवर्तन निकायका सदस्यहरू सामेल छन् अर्थात् भन्सार महसुल विभाग, सुधार सेवा विभाग, अग्नि सेवा विभाग, सरकारी उडान सेवा, हङकङ प्रहरी बल र अध्यागमन विभाग। ICTU विश्वव्यापी आतंकवादी प्रवृत्तिहरूको अनुगमन र विश्लेषण गर्न र CT सम्बन्धित मामिलाहरूमा रक्षा सचिवलाई कार्यनीति सिफारिसहरू प्रदान गर्न जिम्मेवार छ। ICTU ले सदस्य विभागहरू बीच CT गुप्तचर सम्बन्धि सूचनाको समन्वय र विश्लेषण बढाउन अन्तर-विभागीय मंच पनि प्रदान गर्दछ। सम्बन्धित विभागहरू बीच नजिकको सम्पर्क र सहज सहकार्यलाई बढावा दिन ICTU ले अन्तर-विभागीय CT अभ्यास र प्रशिक्षण पनि आयोजना गर्दछ र सार्वजनिक शिक्षा मार्फत CT जागरुकतालाई प्रोत्साहन गर्दछ। ICTU

ले रिपोर्टिङ हटलाइन 63-666-999 संचालन गरेको छ जस मार्फत जनताले आतंकवाद वा हिंसा सम्बन्धी जानकारी उपलब्ध गराउन सक्दछन् र CT ले 'पत्ता लगाउनु र खबर गर्नु' र 'सम्पूर्ण-समुदाय' दृष्टिकोण विषयवस्तुलाई प्रोत्साहित गर्दछ। महत्त्वपूर्ण जानकारी प्रदान गर्नेहरूले विद्यमान पुरस्कार संयन्त्र अन्तर्गत पुरस्कार रकम प्राप्त गर्न सक्छन्।

जबकि गस्ती उप-इकाइहरू र आपतकालीन ईकाइहरू द्वारा दैनिक गस्ती र अपराध विरोधी कर्तव्यहरू कार्यान्वयन गर्दछ भने सम्बन्धित क्षेत्रीय कमाण्ड र नियन्त्रण केन्द्रहरू(RCCCs) भने क्षेत्रहरू अन्तर्गत प्रहरी स्रोतहरूको समन्वय र परिचालनको लागि जिम्मेवार छन्। RCCCs ले क्षेत्र भित्रका सबै घटना/ वारदातहरूको अनुगमन गर्दछ र कुनै पनि महत्त्वपूर्ण मामिलाहरूको बारेमा प्रहरी मुख्यालय र अन्य सम्बन्धित सरकारी विभागहरूलाई जानकारी प्रदान गर्दछ ।

क्षेत्रीय ट्राफिक ईकाइहरू सडक दुर्घटना अनुसन्धान, सडक सुरक्षाको प्रचार र दैनिक ट्राफिक प्रवर्तनको लागि जिम्मेवार छन्। ट्राफिक वार्डन समूहले पार्किङ अपराध र निष्क्रिय सवारी साधनको इन्जिन सम्बन्धी कानून लागू गर्नका साथै ट्राफिक नियमन गर्न मद्दत गर्दछ।

**अपराध र सुरक्षा**: अपराधको रोकथाम र सुरक्षा मामिलाहरूको अनुसन्धान सम्बन्धी बलका नीतिहरूको लागि अपराध र सुरक्षा विभाग जिम्मेवार छ। अपराध शाखामा केहि परिचालन ब्यूरो र विशेष समर्थन ईकाइहरू छन्। परिचालन ब्यूरोले आपराधिक गतिविधिहरूको विशेष क्षेत्रहरू हेर्दछ, जबकि विशेष समर्थन ईकाइहरूले बलमा विभिन्न परिचालित ईकाइहरूलाई समर्थन सेवाहरू प्रदान गर्दछ र बाल दुर्व्यवहार, घरेलु हिंसा र साक्षी संरक्षण जस्ता मुद्दाहरूको नीतिगत मामिलाहरू सम्हाल्दछ। सुरक्षा शाखाले VIP सुरक्षा प्रदान गर्दछ, वाणिज्य दूतावासहरूसँग सम्पर्क राख्दछ र सुरक्षा कार्यहरू समन्वय गर्दछ, जसमा आतंकवाद विरोध र सम्बन्धित तालिमहरू समावेश छन्।

जोखिम व्यवस्थापन र सार्वजनिक-निजी साझेदारी मार्फत महत्वपूर्ण सुविधाहरूको सुरक्षा र लचिलोपनलाई सुदृढ गर्नका निम्ति महत्वपूर्ण पूर्वाधार सुरक्षा समन्वय केन्द्र (CISCC) प्रतिबद्ध छ। डिजाईन -द्वारा -सुरक्षाको अवधारणाहरू स्थापित गरेर र व्यावसायिक सुरक्षा सिफारिसहरू प्रदान गरेर, CISCC ले रक्षा, प्रतिक्रिया र बहाली जस्ता महत्वपूर्ण सुविधाहरूको क्षमता बढाउने लक्ष्य राखेको छ।

संगठित अपराध तथा अपराधिक गिरोह ब्यूरो (OCTB) ले मानव तस्करी र मानव बेचबिखन, सिन्डिकेट दुराचारी, मिटर ब्याजी र गैरकानूनी ऋण असुली, अवैध जुवा, बन्दुक र विस्फोटक पदार्थ सम्बन्धी अपराध जस्ता गम्भीर अपराधहरूका साथ साथै प्रमुख सार्वजनिक हुलदंगाको अवस्था, ठूलो प्रकोपहरु र

आतंकवादी हमलाहरू विरुद्ध लड्न बल-व्यापी स्रोतहरू समन्वय गर्दछ।  यसले अपराधिक गिरोह सम्बन्धित सबै गतिविधि र अपराधहरू अनुसन्धान र लक्षित गर्दछ।

आपराधिक खुफिया ब्यूरो (CIB) बलको आपराधिक गुप्तचरको लागि केन्द्रीय समन्वय निकाय हो। यसले OCTB र अन्य अपराध शाखा ब्यूरोसँग नजिक भइ काम गर्दछ र अपराधिक गिरोह र संगठित अपराधहरूलाई लक्षित गर्न प्रहरीलाई समर्थन प्रदान गर्दछ। बल भित्र आपराधिक गुप्तचर क्षमता सुदृढ गर्न, CIB ले अग्रपंक्ति अनुसन्धानकर्ताहरूको लागि सान्दर्भिक प्रशिक्षणको पनि आयोजना गर्दछ।

वाणिज्य अपराध ब्यूरोले गम्भीर व्यावसायिक र वित्तीय अपराधहरू, नक्कली मौद्रिक उपकरणहरू, पहिचान कागजातहरू, भुक्तानी कार्डहरू, मुद्राहरू र सिक्काहरू सम्बन्धी अनुसन्धान गर्दछ। यसले मुख्य भूमि र अन्तर्राष्ट्रिय कानूनी प्रवर्तन एजेन्सीहरूसँग सान्दर्भिक अन्तर-अधिकार क्षेत्रीय अपराधहरूको सम्बन्धमा गुप्तचरी र अनुसन्धान अनुरोधहरूको आदानप्रदानमा नजिकबाट सहकार्य गर्दछ। यसले सामाजिक सञ्जालको परिष्कृत प्रयोग र घोटाला रोकथाम पहलहरूमा बहु-एजेन्सी सहयोगहरू मार्फत समुदायका विभिन्न क्षेत्रहरूलाई संलग्न गराएर रणनीतिक दृष्टिकोण पनि अपनाउँछ। मे 2017 मा, हङकङ मौद्रिक प्राधिकरण, हङकङ बैंकहरूको संघ र केहि स्थानीय बैंकहरूसँगको सहकार्यमा हङ कङमा गम्भीर वित्तीय अपराध र सम्पत्ति शुद्धीकरणका खतराहरू पत्ता लगाउन, रोकथाम गर्न र व्यवधान गर्न नियमित बैठक र गुप्तचरी आदानप्रदान मार्फत  ठगी र सम्पत्ति शुद्धीकरण गुप्तचर कार्यदल स्थापना गरिएको थियो। ठगी विरुद्ध लडाईलाई तीव्रता दिन र विभिन्न घोटालाहरूबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले सर्वसाधारणलाई चौबीसै घण्टा तत्कालिन परामर्श सेवा उपलब्ध गराउन ठगी विरोधी समन्वय केन्द्र सोही वर्षको जुलाईमा स्थापना गरिएको थियो।

हालका वर्षहरूमा प्रविधि अपराध र साइबर सुरक्षा सम्बन्धि घटनाहरूको संख्या बढ्ने क्रम जारी छ। प्रविधि अपराधहरू विरुद्ध प्रभावकारी रूपमा लड्न र हंग कंग को साइबर सुरक्षाको रक्षा गर्नका निम्ति सञ्चालनहरू, डिजिटल फोरेन्सिक, प्रशिक्षण, गुप्तचर र अनुसन्धान लगायत प्रमुख क्षेत्रहरूमा बलको क्षमताहरूलाई थप सुदृढ गर्न साइबर सुरक्षा र प्रविधि अपराध ब्यूरो (CSTCB) समर्पित छ। CSTCB अन्तर्गतको साइबर सुरक्षा केन्द्रले सरकारी, बैंकिङ र वित्त, यातायात, सञ्चार र सार्वजनिक उपयोगिताका क्षेत्रहरूमा महत्वपूर्ण पूर्वाधारहरूको लागि चौबीसै घण्टा साइबर सुरक्षा प्रदान गर्दछ। CSTCB ले साइबर दायरा पनि स्थापना गरेको छ, जसले प्रहरी अधिकारीहरू र अन्य साइबर सुरक्षा व्यवसायीहरूलाई तालिम दिन सुरक्षित र नियन्त्रित भर्चुअल वातावरण प्रदान गर्दछ। सो वातावरणले हङकङमा साइबर सुरक्षाको रक्षालाई बलियो बनाउन सरोकारवालाहरूको व्यावसायिक क्षमता विकास गर्न मद्दत गर्ने अनुकरण गरिएको साइबर आक्रमण र रक्षा परिदृश्यहरूको लागि प्रशिक्षण मंच प्रदान गर्दछ।

नार्कोटिक्स ब्यूरो (NB) ले अवैध लागू औषधको ओसारपसार, उत्पादन, आयात र वितरण विरुद्ध लड्ने प्रयास गर्नका लागि, गम्भीर लागू औषध मुद्दाहरूको सम्बन्धमा अनुसन्धान र गुप्तचरी सङ्कलन गर्दछ। यसले हंग कंग सँग संलग्न अन्तर्राष्ट्रिय लागुऔषध तस्करी गतिविधिहरू विरुद्ध लड्नको लागि मुख्य भूमि र विदेशी कानून प्रवर्तन एजेन्सीहरूसँग नजिकको साझेदारीमा काम गर्दछ। यसले किशोर किशोरीहरूलाई लागु औषध दुरुपयोगको बारेमा सचेतना बढाउन बहु-एजेन्सी र समुदायमा आधारित दृष्टिकोण अपनाउदछ।

वित्तीय गुप्तचरी र अनुसन्धान ब्यूरो (FIIB) ले सम्पत्ति शुद्धीकरण र आतंकवादी वित्तीय मामिलाहरू अनुसन्धान गर्दछ, शंकास्पद लेनदेन रिपोर्टहरूको प्रक्रिया अघि बढाऊछ र विश्लेषण गर्दछ, अन्य स्थानीय र विदेशी कानून प्रवर्तन एजेन्सीहरूसँग वित्तीय गुप्तचरी आदानप्रदान गर्दछ र बैंकहरू र अन्य सरोकारवालाहरूसँग सम्पर्कमा रहने गर्दछ। वित्तीय सेवा र ट्रेजरी ब्यूरोलाई समर्थन गर्ने एक समर्पित इकाईको रूपमा FIIB ले सम्पत्ति शुद्धीकरण विरुद्ध र आतंकवाद नीति र कानूनी मामिलाहरू सम्बन्धि, कार्यनीति विश्लेषण, चलिरहेको क्षेत्र-व्यापी जोखिम मूल्याङ्कनका साथै प्रशिक्षण र पहुंचका लागि विभिन्न सरोकारवालाहरूसँग नजिक रही कार्य गर्दछ।

सम्पर्क ब्यूरो (LB) ले मुख्य भूमि सार्वजनिक सुरक्षा अधिकारीहरू, HKSAR मा केन्द्रीय जनताको सरकारको सम्पर्क कार्यालयको प्रहरी सम्पर्क विभाग, मकाउ प्रहरी र ताइवान प्रहरीसँग नजिकको सम्पर्क कायम राख्दछ। LB ले चीनमा INTERPOL राष्ट्रिय केन्द्रीय ब्यूरोको उप ब्यूरोको रूपमा बलको प्रतिनिधित्व गर्दछ। यसले विदेशी कानून प्रवर्तन इकाइहरू र स्थानीय वाणिज्य दूतावासहरूबाट प्रहरी-सम्बन्धित सोधपुछको समन्वय गर्नका साथ साथै पारस्परिक कानुनी सहायता र फरार व्यक्तिहरूको गिरफ्तारी र आत्मसमर्पणको लागि विदेशी क्षेत्राधिकारले गरेका अनुरोधहरूलाई पनि हेर्दछ।

अपराध समर्थन समूहमा विशेष ईकाइहरु हुन्छन् जसले आपराधिक अनुसन्धानलाई समर्थन गर्न प्राविधिक र व्यावसायिक सेवाहरू प्रदान गर्दछ। यी ईकाइहरूमा आपराधिक अभिलेख ब्यूरो, पहिचान ब्यूरो, फरेन्सिक हतियार परीक्षण महाशाखा, प्रमुख घटना अनुसन्धान र प्रकोप समर्थन प्रणाली इकाई, साक्षी सुरक्षा इकाई र पारिवारिक द्वन्द्व र यौन हिंसा नीति इकाई समावेश छन। साथै, अपराध रोकथाम ब्यूरोले सरकार, निजी क्षेत्र र आम जनतालाई सुरक्षा सल्लाह प्रदान गर्दछ। यसले परम्परागत र सामाजिक सञ्जाल दुवै मार्फत अपराध रोकथाम पहलहरूलाई बढावा दिन्छ। यसले अपराध रोकथाम सेमिनारहरू पनि सञ्चालन गर्दछ र सुरक्षा उद्योग र अन्य सरोकारवालाहरूसँग नजिकको सम्पर्क कायम राख्दछ। अपराध समर्थन समूहले स्वास्थ्य विभागको फरेन्सिक प्याथोलोजी सेवा र सरकारी प्रयोगशालाको फरेन्सिक विज्ञान महाशाखासँग सम्पर्क राख्न बलको प्रतिनिधित्व पनि गर्दछ।

अपराध शाखा मुख्यालय अन्तर्गतको अपराध तथ्याङ्क कार्यालयले अपराध तथ्याङ्कहरू संकलन र विश्लेषण गर्ने र विभिन्न ईकाइहरूलाई उनीहरूको समग्र र विशिष्ट अपराध प्रवृत्तिहरूको अनुगमन गर्न र सम्बन्धित अपराध नियन्त्रण र रोकथाम कार्यनीतिहरू तर्जुमा गर्न सम्बन्धित जानकारीहरू वितरण गर्ने जिम्मेवारी लिएको हुन्छ। साथै, अपराध शाखा मुख्यालयले सुरक्षा ब्यूरोसँग नजीक रहेर सम्बन्धित नीतिहरू तर्जुमा गर्न र सान्दर्भिक सोधपुछहरूको जवाफ दिने काम पनि गर्दछ।

**कर्मचारी र तालिम**: कर्मचारी शाखा (P wing) भर्ती, पदोन्नति, पेशागत विकास, सेवाका शर्तहरू, अनुशासन, कर्मचारी सम्बन्ध र कल्याणकारी मामिलाहरू सहित सबै मूल मानव संसाधन व्यवस्थापन कार्यहरूको लागि जिम्मेवार छ।

जनता बलको सबैभन्दा मूल्यवान सम्पत्ति हुन्। उच्च क्षमता भएका उम्मेदवारहरूलाई बलमा सामेल हुन आकर्षित गर्न, पी शाखाको भर्ती महाशाखाले विभिन्न प्रकृतिका भर्ती र प्रचार कार्यक्रमहरू आयोजना गर्दछ, जसमा शिक्षा र पेशागत प्रदर्शनी, प्रहरी भर्ती दिवसहरू र पेशागत वार्ताहरू समावेश छन्। मे 2021 र जुन 2023 को बीचमा, भर्ती महाशाखाले छ पटक भर्ती अनुभव र मूल्याङ्कन दिवसहरू आयोजना गर्यो जसमा भर्ती र अनुभवात्मक तत्वहरू मिलेर, एक अन्तरक्रियात्मक तरिका मार्फत सर्वसाधारण जनतालाई प्रहरीको काम र भर्ती बारे  जानकारी परिचय गरायो । सहभागीहरूले स्थलगत रुपमा पनि आवेदन दिन सक्दथे।

भर्ती महाशाखाले युवाहरूलाई सेवारत प्रहरी अधिकारीहरूसंग भेट्ने अवसर प्रदान गर्न र प्रहरी कार्यको विविध प्रकृति बुझ्न सकुन् भनि प्रहरी संरक्षक कार्यक्रम, प्रहरी संरक्षक कार्यक्रम (आउटरिच), प्रोजेक्ट ACHIEVE, अतिरिक्त  स्नातक योजना, भर्तीको लागि खेलाडीहरूको कार्यक्रम, अनुभव र विकास जस्ता विभिन्न युवा संलग्नता परियोजनाहरू शुरू गरेको छ। प्रहरी संरक्षक कार्यक्रम र प्रहरी संरक्षक कार्यक्रम (आउटरिच) लाई 2022/2023 मा तीनवटा धाराहरू भएको एकै प्रहरी संरक्षक कार्यक्रममा समाहित गरिएको छ अर्थात् प्रहरी संरक्षक कार्यक्रम (हंग कंग), प्रहरी संरक्षक कार्यक्रम (मुख्य भुमि) र प्रहरी संरक्षक कार्यक्रम (विदेशी) क्रमश स्थानीय, मुख्य भुमि र विदेशी विद्यार्थीहरुको लागि ताकि उनीहरुलाई स्नातक पढाई पछि बलमा सामेल हुन प्रेरणा मिलोस्।

विश्वविद्यालयका विद्यार्थीहरूलाई आवेदन दिनको लागि सहज बनाउनको लागि, बलले सेप्टेम्बर र अक्टोबर 2022 बीच हङकङ भरका 11 संस्थानहरूमा प्रहरी विश्वविद्यालय भर्ती एक्सप्रेस-हंग कंग आयोजना गर्यो। विद्यार्थीहरूले प्रहरी जवान, परिक्षण निरीक्षक र अतिरिक्त प्रहरी जवानको पदका लागि

स्थलगतरुपमा आवेदन दिन सक्दथे र क्याम्पसमा नै छनोट प्रक्रिया पनि हुने गरेको थियो। विश्वविद्यालयका पूर्व छात्र/ छात्रा रहेका सेवारत अधिकारीहरूले पनि विद्यार्थीहरूसँग आफ्ना अनुभवहरू साझेदारी गरेका थिए।

मुख्य भुमिमा बसोबास गर्ने हंग कंगका विद्यार्थीहरूलाई भर्ती गर्न र स्नातक पछि उनीहरूको प्रहरी प्रतिष्ठान प्रशिक्षण सुरु गर्न सजिलो बनाउन बलले 2022/2023 मा हंग कंग प्रहरी विश्वविद्यालय भर्ती एक्सप्रेस सञ्चालन गर्नको निम्ति भर्ती महाशाखा कर्मचारी, प्रहरी कलेज प्रशिक्षकहरू र भर्ती प्रवक्ताहरूको एक प्रतिनिधिमण्डललाई ग्वाङ्डोङ, फुजियान, बेइजिङ र वुहान जस्ता मुख्य भूमिको क्षेत्रहरुको भ्रमणमा पठाएको थियो। प्रतिनिधिमण्डलले भर्ती जानकारी प्रसार गरे र उम्मेदवारहरूलाई स्थलगत रुपमा छनोट गरे।

सेवारत अधिकारीहरूलाई उनीहरूको वरपरका मानिसहरूलाई बलमा सामेल हुन प्रेरित गर्न प्रोत्साहित गर्ने उद्देश्यका साथ भर्ती महाशाखाले प्रहरी भर्ती साथी योजना शुरु गरेको छ। यस योजनाको उद्देश्य सेवारत अधिकारीहरूलाई उनीहरूको परिवारका सदस्यहरू र साथीहरूलाई आवेदन दिनका लागि पहिचान गर्न, प्रेरित गर्न र प्रोत्साहित गर्न रहेको छ ताकि बलको लागि नयाँ रगत आकर्षित गर्न सकियोस्। साथै, भर्ती महाशाखाले गैर-चिनियाँ जातिय (NEC) सिफारिस प्रणाली शुरु गरेको छ, जसले ती NEC आवेदकहरूलाई सिफारिस गर्दछ जसले विभिन्न प्रहरी जिल्लाहरूद्वारा आयोजित संलग्नता कार्यक्रमहरूमा भाग लिन भर्ती छनोट प्रक्रिया उतीर्ण गर्न बाँकी नै रहेको हुन्छ। यसले आवेदकहरूलाई उनीहरूको आत्मविश्वास र योग्यता बढाएर बलमा सामेल हुनको लागि राम्रोसँग सुसज्जित बनाउने लक्ष्य राख्दछ।

भर्ती महाशाखाले उच्च क्षमता भएका उम्मेदवारहरूलाई आकर्षित गर्न भर्ती नीतिको नियमित समीक्षा गर्दछ। अप्रिल 1 2022 देखि शुरु गरी, प्रहरी हवल्दार, निरीक्षक र अतिरिक्त प्रहरी जवानको लागि हंग कंग निवासी सम्बन्धि आवश्यकता, अर्थात् 'कम्तीमा सात वर्षसम्म हङकङमा बसोबास गरेको हुनुपर्ने' भन्ने हटाइएको छ। आवेदकहरूले 'हङकङ विशेष प्रशासनिक क्षेत्रको स्थायी बासिन्दा' भएको मापदण्ड पूरा गर्न मात्र आवश्यक हुने छ। मे 5, 2023 देखि लागू हुनेगरी, प्रहरी जवान, परिवीक्षा निरीक्षक र अतिरिक्त प्रहरी जवानमा भर्ती हुनको लागि प्रवेश योग्यता आवश्यकताहरूमा समायोजन गरिएको छ: (i) अन्य अनुशासित सेवाहरूसँग पङ्क्तिबद्ध रहनको लागि न्यूनतम उचाइ र तौल आवश्यकताहरू हटाइएको थियो; (ii) सहयोग बिनाको दृश्य तीक्ष्णता परीक्षणको लागि आवश्यकताहरू हटाइएको थियो। चश्मा वा कन्ट्याक्ट लेन्सको प्रयोग गरेर परीक्षा पास गर्ने आवेदकले आवश्यक दृष्टिको मापदण्ड पूरा गरेको मानिनेछ। रंग बोध परीक्षणको लागि आवश्यकता अपरिवर्तित रहनेछ; र (iii) आवेदकहरूलाई

भाषा प्रवीणता आवश्यकताहरू पूरा गर्ने वैकल्पिक तरिका प्रदान गर्न भर्ती प्रहरी जवान लिखित परीक्षा (लिखित परीक्षा) शुरु गरिएको थियो। लिखित परीक्षामा प्रहरी कार्यका तत्वहरू समावेश गरिएको छ जुन प्रहरी जवान भर्तीको लागि आवेदन गर्नेहरुको लागि विशेष तयार गरिएको थियो। लिखित परीक्षा पास गर्ने आवेदकले भर्ती प्रहरी जवान भाषा प्रवीणता आवश्यकता पूरा गरेको मानिन्छ र नतिजा स्थायी रूपमा मान्य हुन्छ।

2023/2024 मा बलको भर्ती शीर्षक भनेको 'उनीहरूको बोलावट, तपाईंको आह्वान' रहेको छ, यो अपेक्षाको साथ कि बलले कसरी आवश्यक परेका मानिसहरूको राम्रो हेरचाह गर्न सक्छ भन्ने कुरा जनतालाई जनाउनको लागि। विभिन्न पृष्ठभूमिका पाँचजना प्रवक्ताहरुको छनोट गरियो र प्रचारप्रसारलाई अभिवृद्धि गर्न विषयवस्तु अन्तर्गत सम्बन्धित भर्ती भिडियो र पोस्टरहरू पनि निर्माण गरिएको थियो।

पी शाखा बल भित्र र बाहिर दुबैमा, स्वस्थ र हेरचाह गर्ने संस्कृतिको प्रवर्द्धनमा अग्रपंक्तिमा छ। आफ्ना कर्मचारीहरू, समुदाय र वातावरणको हेरचाह गर्ने निरन्तर प्रतिबद्धताको साथ एक असल संगठित सामाजिक उत्तरदायित्व प्रदर्शन गरेको कारणले गर्दा, 2023 मा बललाई हङकङ समाज सेवा परिषदबाट 15 यार्स प्लस केरिंग अर्गनाईजेसन लोगो  प्रदान गरिएको थियो।

सामुदायिक कार्यको सन्दर्भमा, हङकङ प्रहरी स्वयंसेवक सेवा निकायले आफ्ना 23 प्रहरी स्वयंसेवक टोली मार्फत 2022 मा कोभिड-19 महामारीको पाँचौं लहरको बेलामा समुदायलाई 23000 घण्टाभन्दा बढी सेवा प्रदान गरेको थियो।

हङकङ प्रहरी कलेज (HKPC) मा मुख्यालयहरू र तीन विद्यालयहरू समावेश छन्, अर्थात् स्कूल अफ फाउन्डेसन ट्रेनिङ, स्कूल अफ प्रोफेशनल डेभलपमेन्ट र स्कूल अफ स्पेशलाइज्ड लर्निङ। सम्मान, कर्तव्य र वफादारीका साथ हङकङको सेवा गर्न अधिकारीहरूलाई आवश्यक मनोवृत्ति, ज्ञान र सीपहरूले सुसज्जित गर्न HKPC प्रतिबद्ध छ।

स्कूल अफ फाउन्डेसन त्रेनिंगले अग्रपंक्ति परिचालन आवश्यकताहरू पूरा गर्न प्रशिक्षार्थीहरूको क्षमता र मानसिकता निर्माणको लागि भर्ती र व्यावसायिक प्रशिक्षण प्रदान गर्दछ। 2020 मा HKPC कार्यक्रम क्षेत्र मान्यता प्राप्त गर्ने पहिलो गैर-तृतीय शैक्षिक संस्था र सरकारी विभाग बन्यो, जसले HKPC लाई योग्यता रुपरेखा स्तर 5 सम्मको कानून प्रवर्तन र सुरक्षा अध्ययन कार्यक्रम क्षेत्रमा आन्तरिक रूपमा मान्यता दिने जिम्मा दिएको थियो। यसरी अहिले सम्म, HKPC ले बलियो गुणस्तर आश्वासन संयन्त्र र आन्तरिक सिकाइ कार्यक्रम मान्यता प्रणाली मार्फत बलको 18 वटा कार्यक्रमहरूलाई आन्तरिक रूपमा मान्यता/पुन: मान्यता प्रदान गरेको छ।

स्कूल अफ प्रोफेशनल डेभलपमेन्टले सेवारत रहदाको शिक्षा आर्जनलाई बढावा दिन्छ र अन्य कानून प्रवर्तन एजेन्सीहरू, विश्वविद्यालयहरू र संस्थाहरूसँग सक्रिय रूपमा बाह्य सहयोग खोजेर विभिन्न समकालीन प्रहरी-सम्बन्धित विषयहरूमा स्थानीय, मुख्य भूमि र विदेशी पेशावर, व्यावसायिक र कार्यकारी प्रशिक्षण कार्यक्रमहरू प्रदान गर्दछ। सन् 2021 मा शुरु भएको, HKPC र शिन्वा विश्वविद्यालयले प्रहरी अधिकारीहरू र अन्य अनुशासनात्मक सेवाहरूको लागि सार्वजनिक प्रशासन कार्यक्रमको अंशकालिक 2.5 वर्षको कार्यकारी मास्टरको सुरुवात गरेको छ। कोविड-19 महामारी पछि यात्रा बहाली भएपछि HKPC ले अधिकारीहरूको राष्ट्रिय मामिला र विकास कार्यनीतिहरूको बुझाईलाई मुर्त रुप दिनका साथै उनीहरूको व्यावसायिक क्षमतामा वृद्धि गर्न नयाँ सिक्ने अवसरहरूको खोजीलाई जारी राखेको छ।

तीन कार्यात्मक महाशाखाहरु र चार केन्द्रहरू मिलेर बनेको स्कूल अफ स्पेशलाइज्ड लर्निङले जासूसी प्रशिक्षण, प्रहरी सवारी चालक र ट्राफिक प्रशिक्षण, प्रशिक्षकको प्रशिक्षण, भाषा प्रशिक्षण र मनोवैज्ञानिक योग्यता प्रशिक्षण जस्ता विभिन्न प्रकारका विशेष र योग्यता प्रशिक्षणहरू प्रदान गर्दछ। व्यावसायिक मापदण्डहरू प्रति दृढ प्रतिबद्धताका साथ, HKPC ले प्रविधिको प्रयोग गर्दछ र उत्कृष्ट अभ्यास साझेदारी, ज्ञान व्यवस्थापन र अनौपचारिक आविष्कारहरूलाई सहज बनाउन निरन्तर सहयोग प्रदान गर्दछ।

कलेज मुख्यालयहरु (HQs) कार्यनीति प्रशिक्षण योजनाहरू, गुणस्तर आश्वासन, प्रशासनिक र मानव संसाधन मामिलाहरूका साथ साथै प्रहरी सम्बन्धित विभिन्न विषयको क्षेत्रमा स्वतन्त्र सल्लाह र विशेषज्ञताको लाभ उठाउन, शिक्षाविद र विशेषज्ञहरूको मानार्थ कलेज सल्लाहकारहरूको रूपमा नियुक्ति समन्वय गर्न जिम्मेवार छन्। मुख्यालयहरू (HQs) ले HKPC को प्रहरी प्रशिक्षण सुविधाहरूको पनि नियमित रूपमा समीक्षा गर्छन्। जुलाई 2022 मा, व्यवस्थापालिका परिषदले कंग ना पो मा नयाँ प्रहरी प्रशिक्षण सुविधाहरू निर्माण गर्न कोषको लागि स्वीकृत प्रदान गर्यो, जसको उद्देश्य तालिममा तालमेल जुटाउनका लागि र कु तुङ्ग र फान्लिंग जस्ता जग्गाहरु फुकुवा गरी आवास वा अन्य प्रयोजनको लागि प्रयोग गर्न सकियोस् भनि विभिन्न क्षेत्रहरुमा छरिएर रहेका प्रहरी प्रशिक्षण सुविधाहरूलाई एकीकरण र स्थानान्तरण गर्ने रहेको छ। निर्माण कार्य जारी छ र नयाँ HKPC एकीकृत प्रशिक्षण केन्द्र सन् 2026 को अन्त्य सम्ममा पूर्ण रूपमा प्रयोगमा आउने अपेक्षा गरिएको छ।

बलियो आधार निर्माण गर्दै HKPC ले ग्लोबल र हङकङ मोस्ट इनोभेटिभ नलेज इन्टरप्राइज (MIKE) अवार्ड 2022 को पुरस्कार, लर्निङ टेक्नोलोजी अवार्ड 2022 को एक कास्य पुरस्कार, ग्यालेक्सी अवार्ड 2022 को एक कास्य पुरस्कार, एस्ट्रिड अवार्ड 2023 को एक सम्मान पुरस्कार र क्वेस्टार अवार्ड 2023 को एक रजत र एक कास्य पुरस्कार लगायतका विभिन्न स्थानीय र अन्तर्राष्ट्रिय पुरस्कारहरू प्राप्त

गरिसकेको छ। बललाई सन् 2013 देखि कर्मचारी पुन: तालिम बोर्डले जनशक्ति विकासकर्ताको रुपमा निरन्तर पुरस्कृत गर्दै आएको छ।

**व्यवस्थापन सेवाहरु**: सूचना प्रणाली शाखाका साथै सेवा गुणस्तर शाखा द्वारा व्यवस्थापन सेवा विभाग समर्थित छ।

डिजिटल प्रहरी सेवा ब्यूरो, नवीनता र समाधान प्रयोगशाला (ISLAB), सूचना प्रविधि शाखा र सञ्चार शाखा मिलेर सूचना प्रणाली शाखा बनेको छ।

डिजिटल सेवा महाशाखा, ई-पुलिस महाशाखा, प्रणाली सुरक्षा र समर्थन महाशाखा र प्रमुख प्रणाली महाशाखा मिलेर बनेको डिजिटल प्रहरी सेवा ब्यूरोले डिजिटल प्रहरी कार्य ब्लुप्रिंट र पहलहरूको तर्जुमा र समन्वय गर्दछ र बलको सूचना सुरक्षाको लागि पनि जिम्मेवार छ। यसले बललाई यसको परिचालन दक्षता अभिवृद्धि गर्न, कार्य प्रक्रियाहरू अनुकूलन गर्न र ई-सेवाहरू र मोबाइल एप्लिकेशनहरू जस्ता डिजिटल समाधानहरूको विस्तृत दायराको उपलब्धी मार्फत थप सुविधाजनक प्रहरी सेवाहरू प्रदान गर्न मद्दत गर्दछ।

बलको नवीनता र प्रविधि एप्लिकेशन क्षमतालाई सुदृढीकरण गर्नको लागि ISLAB जिम्मेवार छ, यस डिजिटल युगमा। हाल, यसले डिजिटल रूपान्तरण, डाटा विश्लेषण, सफ्टवेयर र प्रणाली प्रविधि, मोबाइल प्रविधि र मोबाइल एप्लिकेशन र उदीयमान प्रविधिहरू गरी पाँच प्रमुख क्षेत्रहरूमा आफ्नो काम केन्द्रित गरेकोछ। विभिन्न सरोकारवालाहरूसँग सहकार्य गरी र सह-सृजना पद्धति अपनाएर, ISLAB ले बललाई नयाँ आविष्कार गर्न र प्रविधिको प्रयोगलाई अपनाउन मद्दत गर्छ। बल र बलका सबै सदस्यहरूको दैनिक सञ्चालनको लागि उत्कृष्ट सहयोग प्रदान गर्न पूर्वाधार र सुविधा, प्रशासनिक प्रणाली, सञ्चालन सञ्चार समाधान र सञ्चालन प्रणालीहरू समावेश हुने गरी योजना, विकास, कार्यान्वयन र मर्मत सम्भार गर्नका लागि  सूचना प्रविधि शाखा जिम्मेवार छ।

सञ्चार शाखाले रेडियो, भिडियो, नेभिगेसन उपकरणहरु, स्पीड पत्ता लगाउने राडार, मोबाइल फोन, अफिस टेलिफोनहरू र गोली बारुद उपकरणहरू सहित बलका सबै सञ्चार संजालहरू र उपकरणहरू डिजाइन, प्राप्त, मर्मत र विकास गर्दछ। यसले सूचना र सञ्चार सञ्जाल व्यवस्थापन केन्द्र पनि सञ्चालन गर्दछ, जसले बलको सूचना र सञ्चार सुविधाहरूलाई चौबिसै घण्टा आपतकालीन समर्थन प्रदान गर्दछ।

जनता र बलका सदस्यहरू दुवैलाई प्रदान गरिएका सेवाहरूमा सुधार गर्ने पहलहरूको नेतृत्व गर्न र बल-व्यापी रुपमा सेवा प्रवाह र गुणस्तर व्यवस्थापन उत्कृष्टता प्राप्त गर्नका लागि सेवा गुणस्तर शाखा

जिम्मेवार छ। शाखा तीनवटा हाँगाहरुमा विभाजित छन्: कार्यसम्पादन समीक्षा शाखा (PRB), अनुसन्धान तथा निरीक्षण शाखा (RIB) र गुनासो तथा आन्तरिक अनुसन्धान शाखा (C&IIB)।

पीआरबी (PRB) बल कार्यनीति व्यवस्थापन रुपरेखा विकास गर्न, चक्रीय कार्यनीति दिशाहरू र कार्यनीति कार्य योजनाहरू सम्बन्धि कर्मचारी समायोजन गर्न, बलको मूल्यहरू प्रवर्द्धन गर्न र सेवाको गुणस्तरमा कार्यनीति लागू गर्न जिम्मेवार छ।

RIB सम्पुर्ण सामान्य निरीक्षण गतिविधिहरू समन्वय गर्नका साथ साथै बलको सञ्चालन, व्यवस्थापन र छविमा असर पार्न सक्ने मुद्दाहरूको विषयगत अध्ययनहरू सञ्चालन गर्न जिम्मेवार छ।

C&IIB मा प्रहरी कार्यालय विरुद्धका उजुरीहरू (CAPO), आन्तरिक अनुसन्धान कार्यालय (IIO) र निष्ठा लेखा परीक्षण कार्य समूह (IAAG) समावेश छन्। बलका सदस्यहरू विरुद्ध जनताद्वारा गरिएका सबै गुनासोहरूको अनुसन्धान र अनुगमन कार्यको लागि CAPO  जिम्मेवार छ। CAPO को अनुसन्धान र रिपोर्ट गर्न योग्य उजुरीलाई पूर्ण र निष्पक्ष रूपमा छानबिन गरिएको छ भनी सुनिश्चित गर्न स्वतन्त्र प्रहरी उजुरी परिषदले प्रहरी विरुद्धका सबै उजुरीहरूअवलोकन, अनुगमन र समीक्षा गर्दछ। बलका सदस्यहरू विरुद्ध गम्भीर दुर्व्यवहार र भ्रष्ट गतिविधिहरूको आरोपहरूको अनुसन्धान र अनुगमन गर्नुका साथ साथै बलको मूल्य मान्यताहरूलाई सुदृढ गर्न बल एकीकृत निष्ठा व्यवस्थापन रुपरेखाको प्रवर्द्धन गर्नका लागि IIO जिम्मेवार छ। IAAG ले बलका सदस्यहरू संलग्न रहेका गम्भीर दुर्व्यवहार र गैरकानूनी गतिविधिहरू विरुद्ध सक्रिय अनुसन्धान सञ्चालन गरी, कर्तव्य सम्बन्धी प्रणालीगत जोखिमहरूको समयमै पहिचान र सुधार गर्दछ र सुपरिवेक्षण जवाफदेहिता बढाउँदछ।

**वित्त, प्रशासन र योजना**: वित्तीय व्यवस्थापन, फोरेंजिक लेखा र समर्थन सेवाहरू, भण्डार व्यवस्थापन र बलको आन्तरिक लेखा परीक्षणको लागि वित्त शाखा जिम्मेवार छ। प्रशासन शाखाले निजामती कर्मचारीको व्यवस्थापन र बल स्थापना सम्बन्धी मामिलाहरू हेर्छ। योजना र विकास शाखा (P&D) बलको कार्यनीति सम्पत्ति योजनाको लागि जिम्मेवार छ। P&D ले सार्वजनिक अपेक्षाहरू पूरा गर्न र दिगो विकासलाई प्रवर्द्धन गर्नको लागि हङकङमा पूर्वाधार विकास र जनसंख्या वृद्धि र बलको परिचालन आवश्यकताहरूको अनुगमन गरेर वर्तमान र भविष्यका प्रहरी भवन र सुविधाहरूको योजना र विकास गर्दछ। यसले सम्पुर्ण वर्तमान प्रहरी भवन र सुविधाहरूको उचित मर्मत सुनिश्चित गर्न र तिनीहरूको गुणस्तर, मापदण्ड, सुरक्षा र परिचालन दक्षता अभिवृद्धि गर्नका लागि ठूला-ठूला मर्मत र सुधार कार्यक्रमहरूको पनि निरीक्षण गर्दछ।

**राष्ट्रिय सुरक्षा**: राष्ट्रिय सुरक्षा विभाग (NSD) राष्ट्रिय सुरक्षा सम्बन्धी गुप्तचर र सूचनाहरू सङ्कलन र विश्लेषण गर्न; राष्ट्रिय सुरक्षाको रक्षाका लागि योजना बनाउन, समन्वय गर्न र उपायहरू र सञ्चालनहरू लागू गर्न; राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने अपराधहरूको अनुसन्धान गर्न; हस्तक्षेप-विरोधी अनुसन्धान र राष्ट्रिय सुरक्षा समीक्षा सञ्चालन गर्न; HKSAR को लागि राष्ट्रिय सुरक्षाको रक्षाको लागि समिति द्वारा

तोकिएको राष्ट्रिय सुरक्षाको रक्षा सम्बन्धि कार्य पूरा गर्ने; र राष्ट्रिय सुरक्षा कानूनको कार्यान्वयनका लागि आवश्यक अन्य कर्तव्य र कार्यहरू गर्न जिम्मेवार छ।

जनताको लागि राष्ट्रिय सुरक्षा सम्बन्धी जानकारी प्रदान गर्न वा मुद्दाहरू रिपोर्ट गर्न हटलाइन सञ्चालन गर्दै गर्दा, NSD ले राष्ट्रिय सुरक्षा-सम्बन्धित सूचनाहरू प्रसार गर्नको लागि अगस्ट 1, 2022 मा विचाट आधिकारिक खाता सृजना गरेको छ। हटलाइन सञ्चालन शुरु भएदेखि 500,000 भन्दा बढी जानकारी प्राप्त भएको छ।